**प्रेस विज्ञप्ति** मिति: जुलाई १७, २०२५

**विषय: एनआरएनए एनसीसी अमेरिकाको आसन्न निर्वाचन सम्बन्धी जानकारी**

गैर-आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, अमेरिका (NRNA NCC USA) संयुक्त राज्य अमेरिकाको टेनेसी राज्यमा विधिवत रूपमा दर्ता भई संघीय तथा राज्यीय कानुन अनुसार सञ्चालनमा रहेको संस्था हो। संस्थाले विश्वभरि रहेका गैर-आवासीय नेपालीहरूको हकहित संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय समन्वय परिषद् (ICC) सँग सम्बन्धन लिएर कार्य गर्दै आएको छ। तथापि, एनआरएनए एनसीसी अमेरिका एउटा पूर्णतः स्वतन्त्र र स्वायत्त संस्था हो, जसको आन्तरिक निर्णय, निर्वाचन प्रक्रिया तथा नेतृत्व चयनमा अन्य कुनै पनि संस्थाले हस्तक्षेप गर्न सक्दैन।

गत वर्ष सम्पन्न १३औं वार्षिक साधारण सभामार्फत गठन भएको पाँच सदस्यीय स्वतन्त्र निर्वाचन आयोग संस्थाको विधानअनुसार क्रियाशील रहँदै आएको छ। सो आयोगका सदस्यहरू निम्नानुसार छन्:

| | |
|---|---|
| ▪ **बासु डी. फुलारा** – प्रमुख निर्वाचन आयुक्त | ▪ **प्रिय रञ्जन दाहाल** – सदस्य |
| ▪ **विनोद सुवेदी** – सदस्य | ▪ **खड्ग उप्रेती** – सदस्य |
| ▪ **टुक रेग्मी** – सदस्य | |

निर्वाचन आयोगले सम्पूर्ण पूर्वतयारी पूरा गरी निर्वाचन प्रक्रिया विधिसम्मत, पारदर्शी र समयमै सञ्चालन गर्ने कार्यमा जुटिरहेको छ। आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका निम्नानुसार रहेको छ:

**निर्वाचन कार्यतालिका:**

| | |
|---|---|
| ▪ जुलाई १६, २०२५ – प्रारम्भिक मतदाता नामावली प्रकाशन | ▪ जुलाई २१, २०२५ (६:०० PM EST पछि) – अन्तिम मतदाता नामावली प्रकाशन |
| ▪ जुलाई २२–२४, २०२५ (१२:०० PM EST भित्र) – उम्मेदवारी दर्ता | ▪ जुलाई ३०, २०२५ – प्रारम्भिक उम्मेदवार सूची प्रकाशन |
| ▪ अगस्ट १–३, २०२५ (१२:०० PM EST भित्र) – उम्मेदवार विरुद्ध उजुरी दर्ता | ▪ अगस्ट ५, २०२५ – दोस्रो उम्मेदवार सूची प्रकाशन |
| ▪ अगस्ट ६, २०२५ (१२:०० PM EST भित्र) – उम्मेदवारी फिर्ता | ▪ अगस्ट ७, २०२५ – अन्तिम उम्मेदवार सूची प्रकाशन |
| ▪ अगस्ट १६–१७, २०२५ – मतदान (१०:०० AM EST, अगस्ट १६ देखि १०:०० AM EST, अगस्ट १७ सम्म) | ▪ अगस्ट १८, २०२५ – अन्तिम निर्वाचन परिणाम घोषणा |
| ▪ अगस्ट अन्त्यतिर – प्रमाणपत्र वितरण, शपथग्रहण तथा पद हस्तान्तरण कार्यक्रम (मिति पछि घोषणा गरिने) | |

सबै सदस्यहरूलाई यस निर्वाचन प्रक्रियामा संलग्न हुँदा निर्वाचन आयोगद्वारा प्रकाशित आधिकारिक सूचना, संस्थाको वेबसाइट, र आधिकारिक इमेलमार्फत प्राप्त जानकारीलाई मात्र आधार बनाउन हार्दिक अनुरोध गर्दछौं। सामाजिक सञ्जालमा प्रसारित हुने विभिन्न अपुष्ट, भ्रामक सन्देश, असंवैधानिक दावी तथा संस्थागत प्रक्रिया बाहिरका गतिविधिहरूको कुनै औपचारिक मान्यता छैन।

अन्त्यमा, आगामी निर्वाचन प्रक्रिया लोकतान्त्रिक मूल्य, पारदर्शिता, निष्पक्षता र मर्यादाको सम्पूर्ण सम्मानसहित सम्पन्न गर्न हामी सबैको साझा उत्तरदायित्व हो भन्ने कुरामा हामी पुनः जोड दिन चाहन्छौं। **धन्यवाद।**

| | |
|---|---|
| **डा. अर्जुन बन्जाडे** | **राम हरि अधिकारी** |
| अध्यक्ष | महासचिव |
| **NRNA NCC USA** | **NRNA NCC USA** |

Web: https://nrnusa.org, E-mail: usa@nrna.org, and info@nrnusa.org
Facebook page: https://www.facebook.com/NRNNCCUSA/
Mailing address: 10520 Warwick Ave Suite B, Fairfax, VA 22030